संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ४७

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल साउन २६ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिनु भएपछि सम्माननीय सभामुखले माननीय श्री ज्वाला कुमारी साहलाई बोल्न समय उपलब्ध गराउनु हुँदा सत्तापक्षका माननीय सदस्यहरु पनि बोल्नको लागि समय माग गर्नुहुँदै आ-आफ्नो स्थानमा उभिनु भई बोल्न थाल्नु भएपछि सदनमा होहल्ला हुन पुग्यो ।

त्यसपछि सम्माननीय सभामुखले माननीय सदस्यहरुलाई नियम पालना गर्न आग्रह गर्नुहँदै माननीय श्री ज्वाला कुमारी साहलाई समय दिएको र उहाँले बोली सक्नु भएपछि सबैलाई आलोपालो समय दिइनेछ भन्नुहुँदै पटक पटक माननीय सदस्यहरुलाई आशन ग्रहण गर्न आग्रह गर्नुहुँदा पनि माननीय सदस्यहरुले आशन ग्रहण नगरी होहल्ला जारी राख्नु भयो ।

त्यसपछि सम्माननीय सभामुखले माननीय श्री ज्वाला कुमारी साहले बोल्नु भएको राम्रोसँग सुन्न नसकिएकोले सवै माननीय सदस्यहरुलाई आशन ग्रहण गरी उहाँको भनाई सुन्नु हुन पटक पटक आग्रह गर्नुहुँदा पनि माननीय सदस्यहरुले होहल्ला जारी राख्नु भएपछि माननीय श्री ज्वाला कुमारी साहलाई बस्न आग्रह गर्नुभयो ।

त्यसपछि नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु सभामुख आसन अगाडीको वेलमा आई विभिन्न किसिमका नाराहरु लगाउनु भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले सभा सञ्चालनमा भइरहेको अवरोधका कारण भएको अप्ठ्यारोलाई गम्भिरताका साथ बुझेर नियमित कार्यसूची अनुसार बैठक अगाडी बढाउने वातावरण बनाउन माननीय सदस्यहरुलाई पटक पटक आग्रह गर्नुहुँदा पनि नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरुले नारावाजी जारी राख्नु भएपछि सम्माननीय सभामुखले आजको बैठकको कार्यसूचीमा रहेको सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको जानकारी गराउनु हुँदै बैठक २०८० साल साउन २९ गते सोमबार दिनको १:०० बजे बस्नेगरी स्थगित गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल साउन २९ गते सोमबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको १:२५ बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव